४०४।३७६

# राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा

सूचना आयुक्त किरणकुमार पोखरेल

सूचना आयुक्त यशोदादेवी तिम्सिना

## आदेश

मु.नं. ३५८/२०७१/०७२

निर्णय नं.३१७

काठमाडौं जिल्ला, अनामनगर वडा नं. ३२ बस्ने सुभाष शाह.................................................१ निवेदक

विरूद्ध

कार्यालय प्रमुख, काठमाण्डौं महानगरपालिका, काठमाण्डौ.................................................१ विपक्षी

सूचना अधिकारी, काठमाण्डौं महानगरपालिका, काठमाण्डौ.................................................१

विषय :- तामेलीमा राख्ने ।

काठमाडौं जिल्ला अनामनगर, वडा नं ३२ बस्ने सुभाष शाहले काठमाण्डौं महानगरपालिका समक्ष सूचना माग गरेकोमा माग अनुसारको सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाऊँ भनी यस आयोग समक्ष मिति २०७१।१२।२२ मा पुनरावेदन गरेको । तत् सम्बन्धमा यस आयोगको मिति २०७१।१२।२७ च.नं.७८७ को पत्रबाट लेखी गए पश्चात काठमाण्डौं महानगरपालिकाको पछिल्लो मिति २०७१।१२।१७ को पत्रहरुबाट निवेदकलाई विभिन्न पटक सूचना उपलब्ध गराएको भनि लेखी आएकोले भविष्यमा निजले माग अनुसारको सूचना प्राप्त नभएको भनी उजुरी/निवेदन गरेमा थप कारवाही गर्न सकिने नै हुँदा हाललाई प्रस्तुत मिसिल तामेलीमा राखिएको छ । यसको लगत तामेलीमा दर्ता गरी राख्नू ।

(यशोदादेवी तिम्सिना)
सूचना आयुक्त

(किरणकुमार पोखरेल)
सूचना आयुक्त

(कृष्णहरि बास्कोटा)
प्रमुख सूचना आयुक्त

इति सम्वत् २०७२ साल मंसिर १५ गते रोज ३ शुभम् ।